मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## शिक्षक संघको अधिवेशन माघमा

हेटौंडा, १७ मंसिर/ नेपाल शिक्षक संघ मकवानपुरको ९ औं जिल्ला अधिवेशन आगामी माघ महिनामा गर्ने निर्णय भएको छ । शिक्षक संघ मकवानपुर अध्यक्ष रामकुमार अधिकारीको सभाध्यक्षतामा बसेको बैठकले संघ मकवानपुरको अधिवेशन आउँदो माघ ६ र ७ गते हेटौंडामा गर्ने निर्णय भएको संघका हेटौंडा नगर सचिव श्रीराम लुइँटेलले जानकारी दिए । शिक्षक संघका संघ प्रदेश तथा स्थानीय तहका पदाधिकारीहरु सहितको बैठकले पुस २३ गतेभित्र सबै स्थानीय तहको अधिवेशन गर्ने तयारी छ । पुस अन्तिममा स्थानीय तहहरुमा अधिवेशन सकेर माघ ६ र ७ गते जिल्ला अधिवेशन गरिने निर्णय संघले गरेको हो ।

# बागमतीमा एमाले: बहुमतको हैसियत गुमाएर प्रतिपक्षमा देखिँदै

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ २०७४ सालको निर्वाचनमा स्पष्ट बहुमत ल्याउन नसकेको नेकपा एमाले पाँच वर्षमै कमजोर स्थितिमा खुम्चिएपछि सरकार गठनमा अनिच्छुक देखिएको छ ।

साना दललाई साथमा लिएर पनि सरकार बन्ने स्थिति नदेखिएपछि एमाले बागमती प्रदेश सभाको प्रमुख प्रतिपक्षी दलको भूमिकामा देखिने भएको हो । बागमती प्रदेशसभामा हालकै सत्ता गठबन्धनको सरकार बन्ने अंक गणित रहेको छ ।

गठबन्धनमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) छन् । १ सय १० कूल सांसद् संख्या रहेको बागमतीमा सरकार गठनका लागि ५६ जना सांसद् संख्या आवश्यक पर्दछ । जसका लागि सरकार बनाउन गठबन्धनका दलको सांसद् संख्या पुग्ने देखिएको हो । ६६ निर्वाचन क्षेत्रमध्ये ६४ वटा निर्वाचन क्षेत्रको मतपरिणाम आइसक्दा कांग्रेस ठूलो दल छ । अब दोस्रो ठूलो दलका लागि माओवादी र एमालेको समानुपातिक मतले निर्धारण गर्दछ ।



अघिल्लो कार्यकालमा तत्कालीन नेकपा हुँदा एमालेले नेतृत्व लिएर साढे ३ वर्ष प्रदेश सरकार सञ्चालन गरेको थियो । एमाले विभाजनपछि सरकार बहिर्गमनमा परेर गठबन्धनको सरकार निर्माण भएको हो । आगामी कार्यकालका लागि हालकै सत्ता गठबन्धन यथावत् रहिरहे एमाले प्रमुख प्रतिपक्षी दल हुनेछ ।

नेकपा एमालेका केन्द्रीय सदस्य आनन्द पोखरेलले बागमती प्रदेशमा एमालेले सरकार गठनको कुनै तयारी नगरेको बताए । एमाले बागमती प्रदेश कमिटी पूर्वअध्यक्ष समेत रहेका पोखरेलले प्रत्यक्ष र समानुपातिकमा पाएको मतले एमाले प्रमुख प्रतिपक्षको भूमिकामा रहने स्पष्ट भएको बताए । 'गठबन्धनका राजनीतिक दलहरुले प्रदेशमा बहुमत ल्याइसकेका छन्, तसर्थ हामीले सरकार गठनबारे सोच निर्माण गरेका छैनौं, बहुमत प्राप्त दल या गठबन्धनलाई सरकार निर्माण गर्न दिएर हामीहरु प्रतिपक्षमा रहन्छौं', उनले भने ।

प्रत्यक्षमा बिजयी भएका नेताहरुमध्ये चितवनबाट विजयी भएका जगन्नाथ थपलिया बागमतीमा एमालेको संसदीय दलको नेता बन्ने देखिन्छ । मुख्यमन्त्रीमा दाबेदार रहेका एमालेका उम्मेदवार सानुकुमार श्रेष्ठ, केशव पाण्डे, देवी ज्ञवालीहरु पराजित भएपछि थपलिया अगाडि आएका हुन् । यस निर्वाचनबाट बागमतीमा नयाँ दलको पनि प्रवेश भएको छ । पुरानै पार्टी राप्रपाले धेरै सिट ल्याउन सफल हुँदा एमालेलाई धक्का लागेको हो ।

बागमती प्रदेशको प्रदेश सभामा नेपाली कांग्रेसले सबैभन्दा बढी सिट जितेको छ । प्रत्यक्षतर्फ कांग्रेसले २४ सिट हात पार्दा माओवादी केन्द्र १४ सिटसहित दोस्रो स्थानमा रहेको छ । नेकपा एमालेले १२ सिटमा जित हात पारेको छ । गत २०७४ को निर्वाचनमा सबैभन्दा ठूलो दलको रुपमा रहेको एमाले पाँच वर्षमै खुम्चिएको हो ।

२०७४ मा प्रत्यक्षतर्फ नै ४२ सिटमा जीत हात पारेको एमाले समानुपातिकसहित ५९ सांसद्सहित स्पष्ट बहुमतमा रहेको थियो । तत्कालीन समयमा बाम एकता गरेर चुनाव लडेको एमाले र माओवादी केन्द्रले प्रत्यक्षतर्फ ४२ र १७ सिट जित्दा कांग्रेस ७ सिटमा सीमित बनेको थियो । सो निर्वाचनमा कांग्रेसले काठमाडौंको ४ वटा क्षेत्र, मकवानपुर, रसुवा र सिन्धुलीको एक क्षेत्रमात्र जित्न सकेको थियो ।

यसपटकको निर्वाचनमा राप्रपाले ७ सिट, नेकपा एकीकृत समाजवादीले ५ सिट, हाम्रो नेपाली पार्टी र नेमकिपाले ११ सिट जितेको छ । २०७४ मा एमालेसँग विभाजन हुँदा एकीकृत समाजवादीको १३ सिट थियो । हाम्रो नेपाली पार्टीले बागमती प्रदेशसभामा पहिलोपटक प्रवेश पाउने भएको हो ।

## आशा पाठशालामा हस्तकलाका सामग्री प्रर्दशनी



साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ शारीरिकरुपमा अशक्त बाल बालिकाहरुलाई शिक्षा प्रदान गर्दै आइरहेको आशा फाउण्डेशनद्वारा सञ्चालित आशा विशेष पाठशाला तथा पुनर्स्थापना केन्द्रमा हस्तकला सामग्री प्रर्दशनी भएको छ ।

पाठशालाले शनिबार ३१ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा सप्ताहव्यापी कार्यक्रम गरेको हो । सप्ताहव्यापी कार्यक्रम १६ मंसिरदेखि २२ गतेसम्म सञ्चालन हुनेछ । विद्यालयमा अध्ययनरत् १८ वर्षमाथिका युवाहरुले निर्माण गरेको विविध हस्तकला सामग्री, हाते सीप बुनाई, सिन्के धुप, मैनबत्ती लगायत सामग्रीहरु प्रदर्शनी अवलोकन तथा बिक्री वितरण सुरु गरिएको पाठशालाले जानकारी दिएको छ ।

विभिन्न संघसंस्था, सरकारी तथा गैरसरकारी निकाय, विद्यालयलगायत सम्पूर्णमा विद्यालय भ्रमण तथा अवलोकन गरी सल्लाह सुझाव तथा हौसला प्रदानको लागि बिहान १० बजेदेखि दिउँसो साढे ३ बजेसम्म खुल्ला गरिएको विद्यालयले जनाएको छ ।

बागमती प्रदेशका सामाजिक विकाश मन्त्रालयका सचिव रामशरण सापकोटाले विद्यालय भ्रमण तथा अवलोकन गरी कार्यक्रमको अनौपचारिक उद्घाटन गरेका थिए ।

विद्यालयमा ५६ जना र ललितपुरमा रहेको विद्यालयमा २८ जना अध्ययनरत् रहेको विद्यालयको संस्थापक तथा संरक्षक आइना वार्का न्यौपानेले जानकारी दिइन् । प्रदर्शनीमा शुक्रबार तुलसी मेयर विद्यालयका विद्यार्थीहरुले अध्ययन तथा अवलोकन गरेका थिए ।

## हेटौंडा भेट्रान्समा उप्रेतीको नेतृत्व



साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ हेटौंडा भेट्रान्स क्लबको अध्यक्षमा रमेश उप्रेती चयन भएका छन् । शनिबार हेटौंडामा भएको भेट्रान्स क्लबको आठौं वार्षिक साधारसभाले उप्रेतीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो ।

क्लबका अध्यक्ष दीपक बज्राचार्यको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी मेयर मिनाकुमारी लामाको प्रमुख आतिथ्यतामा क्लबको साधारणसभा भएको हो ।

क्लबको प्रथम उपाध्यक्षमा नवराज बज्राचार्य, द्वितीय उपाध्यक्षमा ज्ञानबहादुर क्षेत्री चौलागाईं, सचिवमा कविन सांगामी, कोषाध्यक्षमा सरोज राजथला र सहसचिवमा अतुल बर्मा चयन भएका छन् । कार्यसमिति सदस्यहरुमा अनुप लामा, प्रशान्त पाखिन, राजकुमार श्रेष्ठ (क), अजय मानन्धर, मणिराज गौतम, राजकुमार श्रेष्ठ (ख) र सञ्जय थापालाई चयन गरिएको छ ।

सभामा बोल्दै नगर प्रमुख लामाले फुटबल एकेडेमी निर्माणका लागि उपमहानगर लागिपरेको बताइन् । उनले क्लबसँगको सहकार्यमा विभिन्न खेलसँग सम्बन्धित कामहरु गर्ने बताएकी थिइन् । हेटौंडा खेलकुदको उर्बर भूमि रहेको भन्दै विभिन्न खेल गतिविधिलाई अगाडि बढाएर क्षमतावान खेलाडी उत्पादनमा उपमहानगरले संधै सहयोग गर्ने लामाले बताएकी छन् । कार्यक्रममा पूर्व राष्ट्रिय बक्सरसमेत रहेका हेटौंडा-५ का वडा अध्यक्ष सुशील घिमिरे, ६ नम्बर वडाका वडाध्यक्ष विष्णुबहादुर दाहाल र पूर्ववडा अध्यक्ष अर्जुनप्रसाद चौलागाईलगायतको आतिथ्यता थियो ।

४० वर्ष नाघेका पूर्वखेलाडी तथा फुटबलप्रेमीहरुको क्लबको रुपमा हेटौंडा भेट्रान्स सञ्चालित छ । क्लबले हेटौंडामा राष्ट्रियस्तरको भेट्रान्स फुटबल प्रतियोगितासमेत गर्दै आइरहेको छ । देशका विभिन्न सहरमा हुने भेट्रान्स फुटबलमा समेत हेटौंडा भेट्रान्स क्लबको लगातार उपस्थित रहँदै आएको छ ।

## ग्रिण्डलेज साकोसको साधारणसभा



साझाकुरा संवाददाता


हेटौंडा, १७ मंसिर/ हेटौंडामा शेयर सदस्यहरुको विश्वास बटुलेर उत्कृष्ट आर्थिक कारोबार गर्दै आइरहेको ग्रिण्डलेज बचत तथा ऋण सहकारी संस्थाको १३ औं साधारणसभा शनिबार सम्पन्न भएको छ ।

सहकारीका अध्यक्ष महेन्द्र इटेनीको सभाध्यक्षता तथा मकवानपुरबाट भर्खरै निर्वाचित प्रतिनिधिसभा सदस्य दीपकबहादुर सिंहको प्रमुख आतिथ्यतामा शनिबार साधारणसभा भएको हो । सभालाई सम्बोधन गर्दै सिंहले शेयर सदस्यहरुको भूमिकाले सहकारीको प्रगतिको बाटो कोरिने बताए ।

उनले ग्रिण्डलेज सहकारी लाई निरन्तर उत्कृष्ट कारोबार गरेर शेयर सदस्यहरुको विश्वास लिइरहन शुभकामना दिए । उनले सहकारीहरुले उत्पादन क्षेत्रमा लगानी गर्नुपर्ने बताएका छन् । कार्यक्रममा हेटौंडा-१० का वडा सदस्य ईश्वर मैनालीलगायतको आतिथ्यता थियो ।

आर्थिक वर्ष २०७८/०७९ मा सहकारीको शेयर पूँजी ७६ लाख ३ हजार ५ सय रुपैयाँ रहेको कोषाध्यक्ष गोपीप्रसाद न्यौपानेको प्रतिवेदनमा उल्लेख छ । सहकारीको स्थापना वर्ष ०६६/०६७ मा शेयर पूँजी १२ लाख ८ हजार ८ सय रुपैयाँ रहेको थियो ।

यसैगरी, सहकारीले गत आवमा खुद मुनाफा १२ लाख २५ हजार ६ सय ९८ हजार रुपैयाँ गरेको छ । सहकारीमा २ करोड ८५ लाख ५६ हजार ३ सय ८५ रुपैयाँ बचत संकलन भएको छ । शेयर सदस्यहरुमा २ करोड ७८ लाख ८९ हजार ३ सय ९७ रुपैयाँ ऋण लगानी भएको छ । स्थापना कालमा १ सय १२ जना सदस्य रहेको सहकारी संस्थामा हाल शेयर सदस्य संख्या ६ सय ३० पुगेको छ ।


### व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:
९८४५०२७०६४/९८५५०६८०३८

### TEACHERS WANTED

**Zenith International Secondary School** an associateschool of **Hetauda City College** located at Piple, Hetauda-5,is looking for young, dedicated, innovative, passionate andmotivated individuals who believe in learning and growth in anexperiential/progressive teaching-learning platform.

| S.No. | Level | Subject/Traits |
|---|---|---|
| 1. | Pre –Primary | Female Montessori trained and skilled teacher with pleasant personality. |
| 2. | Primary | English, Mathematics and Scienc |
| 3. | Basic | English, Nepali, Mathematics and Computer Science |
| 4. | Secondary | English, Nepali, Computer Science and Mathematics, |
| 5. | Boys Hostel Warden | Can guide &take care of the students upto class X |

Interested candidates should mail their Bio-data at *zenithcollege.official@gmail.com* with two references along with self handwritten covering letter by 18th Mangshir 2079, Monday. Preference will be given to the qualified, experienced and licence holder candidates.

***Contact us @***

**Zenith International Secondary School**
Piple , Hetauda – 05, Makwanpur,
Bagmati Province
057-520750 / 526660
9841271001, 9855077417, 9855071876

साझाकुरा

## हाम्रो कुरा

# दिगो र फराकिलो विकासमा अपाङ्गताको सहभागिता

नेपालमा समावेशिताको मुद्दा लामो समयदेखि उठ्दै आएको छ । समावेशी र समान समाजको परिकल्पना नै आजको आवश्यकता हो । समावेशिताविना लोकतन्त्रको वास्तविक सुन्दरता हुँदैन । समावेशितामा अपाङ्गता भएका व्यक्तिहरुको महत्वपूर्ण मुद्दाहरु छन् । नेपालमा सरकारी र गैरसरकारी संस्थाहरूले अपाङ्गताका लागि धेरै परियोजना कानुनत: पैरवीहरू गरिरहेका छन् । अपाङ्गता विभिन्न किसिमका हुन्छन् र हरेक प्रकारका अपाङ्गताका लागि विशेष प्रविधि र व्यवस्था जरुरी हुन्छ । सबैको ध्यान यसतर्फ पुग्न जरुरी छ । प्रत्येक विद्यालयहरूमा सहज अपाङ्गमैत्री शिक्षा जस्तै: ब्रेल लिपी अनि साङ्केतिक भाषामा शिक्षाको व्यवस्था, सहज आवागमन र उपयोग गर्न अपाङ्गमैत्री संरचना जरुरी छ । अपाङ्गता भएका व्यक्तिहरूमा राज्यले गरेका लगानी पक्कै खेर जाँदैन किनकि सक्षम नागरिक उत्पादन गर्न सके उनीहरूको सेवा र क्षमताले राज्यको विकासमा नै थप टेवा पुग्नेछ ।

संसारको कूल जनसंख्यामध्ये १५ प्रतिशत जनसंख्यामा कुनै न कुनै रूपको अपाङ्गता छ तर, उनीहरूको हरेक ठाउँमा समान पहुँच छैन । सन् १९९२ बाट हरेक वर्षको ३ डिसेम्बरका दिन संसारभरि विश्व अपाङ्गता दिवस मनाइन्छ । यो दिन विभिन्न कार्यक्रम तथा गोष्ठी, ऱ्यालीहरू आयोजना गरिन्छ, समानता र हौसलाको नारा गुञ्जायमान हुन्छ । अपाङ्गता भएका व्यक्तिहरूले गर्नुभएको सकारात्मक र उपलब्धिमूलक कथाहरूलाई पनि विश्व समुदायले विभिन्न माध्यममार्फत् अवलोकन र श्रवण गर्ने गर्दछन् । अर्कोतर्फ अपाङ्गमैत्री समाज अनि संरचनाका लागि पैरवी पनि गरिन्छ ।

अपाङ्गता भएको जनसंख्यालाई साथ लिएर हिँड्न नसक्ने हो भने संसारले दिगो र फराकिलो विकास पाउन सक्दैन । आफ्नो जीवनयापनका लागि अर्काको भर पर्न नपरेमात्र स्वाभिमान अनि समानताको भावना पलाउँदछ । सरकार, अन्तर्राष्ट्रिय समुदाय र गैरसरकारी संस्थाहरूले अपाङ्गता भएकाहरूको जीवनयापन सीप र आम्दानीको सृजना गर्नेतर्फ ध्यान दिएको पाइन्छ, तर, त्यो अझै पर्याप्त छैन । शिक्षाको उज्यालोबाट अपाङ्गता भएकै कारणले छुट्न नपरोस्, समाजमा समान व्यवहार पाइयोस् अनि सहज स्वास्थ्योपचार व्यवस्थित होस् । अपाङ्गता सोचले सीमित नहोस् अनि यसमा सबैको साथ, सहयोग अनि प्रतिबद्धता र होस् । अहिलेको आवश्यकता यहि नै हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर १९ गते सोमबार ५ डिसेम्बर २०२२ । मंसिर द्वादशी शुक्लपक्ष । थिंलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:४१, सूर्यास्त ५:७ । स्वयंसेवक दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ | **तुला** | : लगानीको अवसर जुट्नेछ |
| **वृष** | : पारिवारिक जमघट हुनेछ | **वृश्चिक** | : यात्रा अघि बढ्न सक्नेछ |
| **मिथुन** | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ | **धनु** | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ |
| **कर्कट** | : कामबाट फुर्सद मिल्नेछ | **मकर** | : छिमेकमा असमझदारी बढ्नेछ |
| **सिंह** | : सहयोगीको राम्रो साथ पाइनेछ | **कुम्भ** | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| **कन्या** | : रोकिएका काम बन्ने योग छ | **मीन** | : समय उत्साहवर्द्धक छ |

# कमरेडहरू, यतातिर घोत्लिने कि ?



**चम्फासिंह भण्डारी**

राजनीतिलाई सिद्धान्त, दर्शन, विचार र पद्धतिपूर्ण प्रणालीमा लैजाने सरकारको स्थायित्व र विकासको बाटोमा अघि बढाउने हो भने अहिले पनि नेकपा एमाले, माओवादी केन्द्र र एमालेबाट अलग भएको नेकपा एकीकृत समाजवादी पार्टीका बीचमा सहज रुपमा 'एलाईन्स', कार्यगत एकता वा सरकारमा साझेदारी गर्नका लागि पर्याप्त संभावनाहरू जीवित छन् ।

यसबाट नेपालको वामपन्थी प्रगतिशील शक्तिहरूलाई एकताको बाटोमा लैजानका लागि दिशा निर्देश गर्ने मात्रै होइन, नेपालको कम्युनिष्ट आन्दोलनलाई गतिशील बनाएर अघि बढ्नका लागि समेत दीर्घकालीन बाटो तय गर्नेछ । नेपालका वामपन्थी प्रगतिशील शक्तिहरूप्रतिको आम दृष्टिलाई समेत सकारात्मक दिशातर्फ लैजान योगदान गर्नेछ ।

कम्युनिष्ट आन्दोलन भित्रको वारम्वार बल्झिने रोग फुट र विभाजनबाट आजित हुँदै जाँदा भविष्यमा कम्युनिष्ट आन्दोलनले बेहोर्ने क्षतिको अनुमान गर्न सक्ने क्षमताका साथ यहाँका कम्युनिष्ट पार्टीका नेताहरू उठ्नु जरुरी छ ।

देशभक्तिपूर्ण आन्दोलनलाई एकीकृत रुपमा पुर्नसंगठित गरी परिचालन गर्न सकेमात्रै संविधानले परिकल्पना गरेको समाजवादी अर्थब्यवस्था, प्रगतिशील सुधारका कामहरू अघि बढाउन सकिन्छ । आउने नयाँ पिँढीलाई राजनीति भन्दा पर स्वदेशमै काम गरी खाने वातावरण निर्माण भएको, विरामी पर्दा स्वदेशमै सहज उपचार पाउने ब्यवस्था, हरेक परिवारका वालवालिकाहरूले सहज रुपमा जीवन उपयोगी शिक्षा, सम्मान, पहिचान र सुरक्षाबाहेक अर्को ठूलो परिकल्पना छैन । यति काम गर्नका लागि यहाँ वामपन्थीहरूको प्रगतिशील सरकार आवश्यक छ ।

'एक कदम अगाडि, दुई कदम पछाडि' कम्युनिष्ट पार्टीहरूको दर्शन भित्रको रणनीतिक योजनाको रुपमा रहेको यो भनाई आज पनि उत्तिकै सान्दर्भिक छ । निर्वाचनमा जानु अघिसम्म पानी बाराबारको स्थितिमा रहेका कम्युनिष्ट पार्टीहरू बीचको सम्बन्धलाई 'आइस ब्रेक' गर्दै एमाले अध्यक्ष केपी शर्मा ओलीले माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई बधाई दिदै संगै मिलेर जान सकिने कुरामा सोच्नका लागि दिनु भएको समय अवसरका रुपमा लिन सकिन्छ ।

राजनीतिमा 'स्थायी मित्रता र शत्रुता रहँदैन' भन्ने सत्यतालाई आत्मसाथ गर्न सक्ने हो भने यहाँ काम गरी खाने, श्रम गरी खाने वर्गको हितलाई सर्वोपरी राख्दै एक ठाउँमा आउन कुनै चमत्कार पर्खिनु पर्दैन ।

अहिलेसम्मको निर्वाचन परिणामलाई विश्लेषण गर्दा नेपाली काँग्रेस र नेकपा एमाले दुवै हाराहारीको स्थितिमा अघि बढिरहेका छन् । हालसम्म घोषित परिणामअनुसार प्रत्यक्षतर्फ १० सीट काँग्रेस अगाडि रहेको देखिएको छ भने समानुपातिक निर्वाचनको परिणाम मधेस प्रदेशबाहेक अन्य ६ वटै प्रदेशमा नेकपा एमाले अगाडि रहेको छ ।

यसरी नेपाली काँग्रेस र नेकपा एमालेको स्थिति हाराहारी वा बराबरीको स्थितिमा रहेको छ । देशभरीको समानुपातिक निर्वाचनको सर्वाधिक मत नेकपा एमालेको पक्षमा रहेको स्पष्ट छ । नेकपा माओवादी केन्द्र भरखर उदाएका रवि लामिछानेको स्वतन्त्र पार्टीसँग बराबरीको स्थितिमा छ ।

कम्युनिष्ट विचारधाराभित्र आजीवन संघर्ष गर्ने तर जीवनको उत्तरार्द्धमा त्यही विचार आन्दोलनलाई क्षतविक्षत बनाएर जाने रहर कसैलाई हुँदैन । काम गर्दा भएको कमी कमजोरीको निर्मम ढंगले समीक्षा गर्ने, आफूलाई ब्यवहारमा सच्याउने र पार्टी संगठनलाई गतिशील बनाउनका लागि प्रशिक्षत गर्दै अघि जाने हो भने आजको दिनमा पनि निर्वाचनको 'वामपन्थीहरू' भन्नेहरूको अन्तिम मतपरिणाम एक ठाउँमा राखेर जोड्दा ७० प्रतिशतभन्दा माथि छ ।

यसको अर्थ नेपालमा काम गरी खाने गरीब, श्रमजीवी, सिमान्तीकृत तथा छेउ पारिएका समुदायको ठूलो हिस्सा वामपन्थी प्रगतिशील शक्तिका वरपर गोलबन्द छ । र, मध्यम वर्गीय जनमतको ठूलो हिस्सासमेत समर्थनमा रहेको छ ।

यहाँको कम्युनिष्ट आन्दोलन वीरता र संघर्षका इतिहासहरूले भरिपूर्ण र देशभक्तिपूर्ण आन्दोलन हो । यसो भनिरहँदा अबको बहस नेपाललाई कसरी समृद्ध बनाउन सकिन्छ ? गरीब, भूमिहीन सर्वहारा श्रमजीवी वर्गको जीवन कसरी सहज बनाउन सकिन्छ ? राजनीतिक प्रणाली, शासन प्रशासन प्रणालीलाई कसरी जनमुखी बनाउन सकिन्छ ? निर्वाचन प्रणालीलाई एउटा गरीब सर्वहारा भूमिहीन वर्गमा जन्मेको युवालाई कसरी निर्वाचनमा उमेदवार बनाएर लान सकिन्छ ? भन्ने यक्ष प्रश्न हो ।

साथै, नेपाली पूँजीपतिहरूसंग भएको पूँजीलाई कसरी राष्ट्र निर्माणमा उपयोग गर्न सकिन्छ ? राज्यलाई कसरी अझ बढी सुशासित, जनउत्तरदायी बनाउन सकिन्छ ? कसरी असारे विकास रोक्न सकिन्छ ? युवाहरूलाई कसरी रोजगारी दिन सकिन्छ ? लगायत देश र नागरिकको जीवनसंग सम्वन्धित विषयमा नेकपाको अवधारणाको खाका तयार गरी कार्यान्वयन गर्नका लागि यहाँ वामपन्थी प्रगतिशील सरकार आवश्यक छ ।

फेरि पनि नेपाली काँग्रेसलाई बोकेर दुई चारजना मन्त्रीको गाडीमा झण्डा हल्लाएर विश्व विजेता भएको ठानिरहँदा नेपालको भूराजनीतिक अवस्थामा असन्तुलन र देशको अर्थतन्त्रले कगांलीको दिशा समात्नेछ र नेपालका श्रमजीवी, सिमान्तीकृत किसान मजदुरहरू राज्यका सेवा सुविधाहरूबाट धेरै टाढा लैजानेछ । संविधानले तय गरेको समाजवादी अर्थतन्त्रको बाटो भत्किएर निजीकरण र उदारीकरणको गोरेटो तय गरिसक्नेछ ।

कम्युनिष्ट आन्दोलनलाई एकापसमा भिडाएर नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमा धमिरा लाग्नेछ र अर्को पाँच वर्ष पछिको निर्वाचनमा स्वतन्त्रजस्तै अन्य शक्तिहरूको उदयले वामपन्थी आन्दोलनलाई थप क्षतिबाहेक केही बाँकी रहने छैन ।

कम्युनिष्ट आन्दोलनको शक्तिलाई बिभाजित गर्ने र तिनै विभाजित पार्टीका नेताहरूको उपयोगमार्फत् आृनो शक्ति सिर्जना गर्ने काममा अहिलेको सरकार र सरकारको नेतृत्व गर्ने राजनीतिक दल काँग्रेसले मज्जाले गरिरहेको छ ।

संसारमा कम्युनिष्ट पार्टीहरू उहिले समाप्त भइसकेको र नेपालमा कम्युनिष्ट पार्टीहरूले दुई तिहाइको सरकार सञ्चालन गर्न अक्षम भएपछि कम्युनिष्ट पार्टीहरू समाप्तीतिर अघि बढिरहेको काँग्रेसका अधिकांश नेताहरू भाषण गरिरहेका छन् । कम्युनिष्टहरू एकतावद्ध नहुने हो भने आगामी केही दशकसम्म उनीहरूले उपयोग गरि नै रहनेछन् भन्ने हेक्का आजको आवश्यकता हो ।

२००६ सालमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीको आठ दशकको संघर्षशील यात्रा गौरवपूर्ण छ, । यो अवधिमा कम्युनिष्ट आन्दोलनले विविध खालका आरोह अवरोह पार गर्दै अहिले शासन प्रणालीको केन्द्रीय भागमा आइपुगेको छ । कम्युनिष्ट आन्दोलनको यो ऐतिहासिक सफलता नेपालका श्रमजीवी जनताले मात्रै होइन, विश्व कम्युनिष्ट आन्दोलन र सर्वहारा वर्गका लागि प्रेरणा र अध्ययन, अनुसन्धानको विषय बनेको छ । यस्तो अवस्थाको सिर्जना त्यसै भएको होइन, यो सफलताका पछाडि हजारौं नेता र सयौं कार्यकर्ताहरूको बलिदान, त्याग र कष्टदायी संघर्षले प्राप्त भएको हो भन्ने कुरालाई बिर्सनु हुँदैनथ्यो ।

नेपालमा अहिले पनि गरिब किसान, मजदुर र सर्वहारा वर्गको ठूलो संख्या छ । असंगठित क्षेत्रमा काम गरी खाने सर्वहारा वर्गको हातमा उत्पादनका साधन छैनन् । त्यसमा उनीहरूको पहुँच नहुँदा काम पाउँदा खाने र नपाउँदा भोकै सुत्नुपर्ने बाध्यता विद्यमान छ । कृषिमा काम गर्ने तर उनीहरूको हातमा खेती गर्नका लागि जमिन छैन । खेतीमा हात नलगाउने सानो संख्यामा रहेका भूमिपतिहरूको हातमा खेतीयोग्य जमिनको ठूलो हिस्सा छ ।

राजनीतिक दल तथा राजकीय सत्ता भित्रको भिन्नतालाई स्वीकार गर्ने, निर्वाचित भएपछि पार्टी नेता कार्यकर्ताभन्दा माथि उठेर आम जनताको प्रतिनिधि ठान्ने र सबै विचार, दर्शन र संरचनाको नेता बन्ने क्षमताको विकास आजको आवश्यकता हो ।

एक जनप्रतिनिधि तथा नेताको जीवन सधैं खुला र सार्वजनिक जीवन हो भन्ने कुराको वोध हामीमा हुनुपर्छ । आम नागरिकले तिरेको करको हिसाब नागरिककै समृद्धिका लागि खर्च गर्ने प्रणाली स्थापना गरी नागरिकप्रति जवाफदेही र उत्तरदायी सरकार, प्रशासन तयार नभएसम्म हामीले जति लोकतन्त्रको गीत गाएपनि आम नागरिक जीवनमा परिवर्तनको कल्पना गर्न सकिँदैन भन्ने वोध सबैमा आउनु जरुरी छ ।

अब एक पटक खुला बहस गरौं, एक ठाउँमा उभिएर सुदूर भविष्यतर्फ दृष्टि लगाऔं । नेपालको कम्युनिष्ट आन्दोलनलाई एउटा सवल, गतिशील आन्दोलनका रुपमा युवा पुस्तालाई हस्तान्तरण गर्नका लागि तयारी गरौं । आम नागरिकलाई सहज रुपमा सेवा र सुविधा प्रवाह गरौं । भिन्नताको बीचमा एकरुपता खोज्ने प्रयास गर्दै नेपालको जनमतको सम्मान गर्दै फेरि एकपल्ट एक ठाउँमा आउने अभ्यास र प्रयत्नले मुलुकको समृद्धि र राजनीतिक स्थिरताको बाटो तय गर्नेछ ।

युवा जनमतको सम्मान गर्दै विदेशमा जोखिमपूर्ण श्रम गर्न बाध्य युवालाई स्वदेशमै श्रम गर्ने वातावरण सिर्जना गरौं । यो प्रयासले नेपालको राष्ट्रिय स्वाधीनतालाई उचो बनाउँदै नेपाली नागरिकलाई सम्मानित र मर्यादित जीवन बाँच्न पाउने अधिकारको सुनिश्चतता गर्नेछ । यतातिर ठण्डा दिमागले घोत्लिने कि कमरेडहरू ?

*(साभार: रातोपाटी)*

# कांग्रेसमा नवोदित नेतात्रयको परीक्षा

**राजाराम गौतम**

नेपाली कांग्रेसको प्रधानमन्त्री म्याराथनमा एउटा लोभलाग्दो र विरल दृश्य देखिएको छ । एक महामन्त्री विश्वप्रकाश शर्माको अर्का महामन्त्री गगन थापालाई प्रधानमन्त्री बनाउने अभियान ! नेपाली समाजले दलहरूका समकक्षी नेताहरूको इगो, ईर्ष्या अनि अस्वस्थ गुटबन्दी देखेको छ ।

त्यसकारण पनि नेतृत्वपंक्तिमा यो स्तरको सहकार्य र मिलाप दुर्लभ लाग्छन् । यस्तो सुन्दर परम्परा थालेर विश्वप्रकाशले नवीन राजनीतिक संस्कारको बीजारोपण गरेका छन् । यो एउटा उदाहणीय कर्म हो । जुन दिन गगनले कान्तिपुर टेलिभिजनको एउटा कार्यक्रममा प्रधानमन्त्रीमा आफूले 'क्लेम' गर्ने बताए, त्यसको केही दिनमै विश्वप्रकाशले भने, 'प्रधानमन्त्रीमा गगनको दाबीले राजनीतिमा प्रकाश दिएको छ ।'

शालीन मिजासका विश्वप्रकाशले जे बोले, त्यो तत्कालको राजनीतिक खपतका लागि बोलिएको 'सामान्य' अभिव्यक्ति थिएन, विशिष्ट राजनीतिक महत्त्व बोकेको 'स्टेटमेन्ट' थियो । त्यो स्टेटमेन्टले कांग्रेसको अधबैंसे पुस्तामा हुर्किरहेको नवीन राजनीतिक संस्कार प्रतिविम्बित गर्छ । चरम गुटबन्दी र अस्वस्थ प्रतिस्पर्धा, घात-प्रतिघातको इतिहास बोकेको पुरानो लोकतान्त्रिक पार्टी कांग्रेसभित्र यस्तो संस्कार पल्लवित हुनु सकारात्मक पक्ष हो । विश्वप्रकाशसँग पनि प्रधानमन्त्री अथवा पार्टी सभापति हुने महत्त्वाकांक्षा होला तर उनले गगनलाई प्रोत्साहित गरेर प्रशंसनीय संस्कार देखाएका छन् ।

नेपाली राजनीतिले 'डेलिभरी' दिन नसक्नुका थुप्रै पक्ष छन् । तीमध्ये एउटा हो- समकक्षी नेताहरूबीचको अस्वस्थ होडबाजी र व्यक्तित्वको 'टसल' । कांग्रेसमा विश्वप्रकाश र गगन महामन्त्री भएपछि धेरैले अडकल काटेका थिए- यी दुवै सभापति र प्रधानमन्त्रीको दौडमा आ-आफ्नै गुट बनाएर अघि बढ्नेछन् । तर, दुवैले एकै ठाउँमा उभिएर त्यस्तो अडकलबाजीलाई गलत साबित गरिदिएका छन् ।

चौधौं महाधिवेशनअघि मिडिया विश्लेषणहरूमा एउटा भाष्य निर्माण भयो, 'कांग्रेसको नेतृत्व गगन र विश्वप्रकाशको काँधमा आउनुपर्छ ।' कांग्रेसमा हावी वृद्धतन्त्रबाट निराश कार्यकर्ता पंक्ति त्यो भाष्यप्रति आकर्षित भयो र अन्तत: महाधिवेशनले नवोदित नेतृत्वलाई अनुमोदन गऱ्यो । मूल नेतृत्वमा शेरबहादुर देउवा दोहोरिए पनि लोकप्रिय मतसहित गगन र विश्वप्रकाश महामन्त्रीका रूपमा उदाए ।

कांग्रेसमा आशा जगाउने पात्रका रूपमा उदाएका महामन्त्रीद्वय पार्टी शिविरबाहिर पनि अधिक रुचाइएका नेतामा पर्छन् । त्यसको पुष्टि कांग्रेसको चौधौं महाधिवेशन र हालैको आम निर्वाचन-२०७९ ले गरिसक्यो । निर्वाचनले दुवै महामन्त्रीलाई बलियो मतसहित अनुमोदन गरेको छ । गगन लगातार तेस्रो पटक मतदाताबाट अनुमोदित भएका छन् भने विश्वप्रकाश पहिलो पटक भारी मतान्तरले संसद् छिरेका छन् ।

निर्वाचनले चौधौं महाधिवेशनमा महामन्त्रीका अर्का प्रत्याशी प्रदीप पौडेललाई पनि गगन र विश्वप्रकाशजस्तै आशा गरिएका पात्रको पंक्तिमा खडा गरेको छ । महामन्त्रीको दौडमा पछि परे पनि आम निर्वाचनमा मतदाताबाट अनुमोदित भएपछि कांग्रेसको नेतृत्व पंक्तिमा उनको 'कमब्याक' भएको छ ।

समग्रमा निर्वाचन परिणाम कांग्रेसका लागि सुखद रहेन । पाँचदलीय गठबन्धन बनाएर निर्वाचन लडेको कांग्रेस संसद्को सबैभन्दा ठूलो दल त भयो तर अपेक्षा गरिएजस्तो जित हात पार्न सकेन । उसले समानुपातिकतर्फ यसअघि पाएको लोकप्रिय मत मात्रै गुमाएन, प्रत्यक्षतर्फ पनि सोचेजति जितेन । यसका बावजुद कांग्रेसमा केही आशालाग्दा पात्रहरू निर्वाचित भए । तिनमा पनि गगन, विश्वप्रकाश र प्रदीपको जितले कांग्रेस युवा पंक्ति उत्साहित छ ।

त्यो उत्साहको एउटै कारण हो- नेतृत्वमा पुस्तान्तरणको अपेक्षा । जसरी पार्टीको नेतृत्व यो पुस्ताको काँधमा आयो, सरकारको नेतृत्व पनि यही पुस्ताले गरोस् भन्ने कांग्रेसको युवा पंक्ति चाहन्छ । सम्भवत: त्यो चाहना बुझेरै गगनले कांग्रेसमा पुस्तैनी टकरावको जोखिम उठाएका छन् । उनले प्रधानमन्त्री एवं पार्टी सभापति देउवालाई चुनौती दिँदै संसदीय दलको नेताको उम्मेदवारी घोषणा गरेका छन् ।

अंकगणितको अनुकूलता-प्रतिकूलता नहेरी गगनले संसदीय दलको नेतृत्वमा पुगेर सरकार हाँक्ने जुन अठोट लिए, काठमाडौं क्षेत्र नम्बर ४ का मतदाताले उनलाई तेस्रो पटक मत हाल्ने कारण पाए । पटक-पटक एउटै व्यक्तिलाई किन जिताउने भनेर गम खाइरहेका मतदातालाई गगनले भने, 'म सांसद हुन मात्रै होइन, यस पटक संसदीय दलको नेता हुन चुनिन चाहन्छु ।' मतदाताले यसलाई 'पोलिटिकल स्टन्ट' भन्ठानेनन् र गगनलाई फेरि एक पटक विश्वासको मत दिए । उनी अहिले त्यही विश्वासमा खरो उत्रने अभ्यासमा जुटेका छन् ।

निर्वाचन परिणामले मिलीजुली सरकार बनाउने म्यान्डेट दिएको छ । कुन-कुन दल मिलेर सरकार बन्छ भन्ने प्रस्ट तस्बिर बनिनसक्दै कांग्रेसमा सुरु भएको प्रधानमन्त्री म्याराथनका दुई पाटा छन् । यो म्याराथनमा शारीरिक अनि राजनीतिक हिसाबले थकित वृद्ध पुस्ताको बाहुल्य हुनु यसको अँध्यारो पक्ष हो भने, कांग्रेसको वृद्धतन्त्रलाई चुनौती दिँदै प्रतिस्पर्धामा एक ऊर्जावान् अधबैंसे सामेल हुनु उज्यालो पाटो हो ।

गगनसँग संसदीय दलमा अंकगणितको अनुकूलता छैन, जति देउवासँग छ । अथवा, देउवाले चाहेको अर्को कुनै उम्मेदवारसँग हुन सक्ला । तर गगनसँग प्रधानमन्त्री दाबी गर्ने प्रशस्त राजनीतिक जमिन छ । पहिलो आधार हो- उनमा देखिएको ऊर्जा र आत्मविश्वास । संसदीय दलमा अंकगणितको सुविधा भएका देउवाले निर्धक्क 'यसकारण फेरि प्रधानमन्त्री हुन्छु' भन्न सकिरहेका छैनन् । जनमानसमा उनी प्रधानमन्त्री दोहोरिने कुराले रत्तीभर उत्साह छैन । न उनमा आफ्नो उम्मेदवारीप्रति आम आशा जगाउने खुबी छ न त उनी छैटौं पटक प्रधानमन्त्री बन्नुको औचित्य पुष्टि गर्न सक्छन् । तर, गगन पूर्ण आत्मविश्वाससहित सरकारको ड्राइभिङ सिटमा बस्ने दृढता व्यक्त गरिरहेका छन् । सरकारमा गएर के गर्ने भनेर विज्ञहरूसँगको सहकार्यमा कार्ययोजना (प्रोजेक्ट गभर्नमेन्ट) नै तयार गरिसकेको उनले बताउँदै आएका छन् ।

दोस्रो, उनले केही शासकीय अनुभव पनि बटुलिसकेका छन् । डेढ दशकदेखि संसद्मा क्रियाशील उनले छोटै भए पनि आशालाग्दा स्वास्थ्यमन्त्रीको जिम्मेवारी निर्वाह गरेका छन् । तेस्रो, राजनीतिक परिवर्तनपछिको नेतृत्वका उनी एक हकदार पनि हुन् । त्यो किनभने, कांग्रेसलाई अहिलेको राजनीतिक परिवर्तनसँग एकाकार गराउने एउटा श्रेय उनलाई पनि जान्छ । कांग्रेसभित्र गणतन्त्र, संघीयताजस्ता अग्रगामी राजनीतिक मुद्दाका हिमायती हुन् उनी । सबैजसो राजनीतिक आन्दोलनको नेतृत्वदायी भूमिका निर्वाह गरेको कांग्रेसले जन्मसँगै राजासहितको जनउत्तरदायी शासन व्यवस्थाको पक्षपोषण गर्थ्यो, गर्दै आयो । तर, राजा स्वेच्छाचारी हुँदै जाँदा कांग्रेसलाई संविधानसभा र गणतन्त्रका पक्षमा उभ्याउन नरहरि आचार्य, गगन थापाहरूले महत्त्वपूर्ण भूमिका खेले । त्यस अर्थमा उनी संघीय गणतन्त्रको नेतृत्वका एक हकदार हुन् ।

चार, गगनप्रति व्यापक जनआकर्षण छ । विद्यार्थी राजनीतिदेखि नै आफूलाई प्रखर सम्भावना भएका नेताका रूपमा उभ्याउँदै आएका उनी आशा र भरोसाका पात्र हुन् । जनता उनलाई सुन्न र कार्यकारी शासकीय भूमिकामा परीक्षण भएको हेर्न चाहन्छन् । संसदीय दलको नेतामा प्रतिस्पर्धाको घोषणासँगै सामाजिक सञ्जालमा ओइरिरहेका सद्भाव र समर्थनले उनको आकर्षण पुष्टि गर्छन् । पाँच, उनमा अद्भुत नेतृत्व क्षमता छ । जनतासँग सरल ढंगले साक्षात्कार गर्न सक्ने गुण छ ।

राजनीतिशास्त्रका पण्डितहरू भन्छन्- मूलत: नेता तीन किसिमले स्थापित हुन्छ । एक, जो निरन्तर राजनीतिक रूपमा क्रियाशील हुन्छ । दुई, मिथबाट जन्मिन्छ । तेस्रो, चामत्कारिक गुणसहित सृजनशील हुन्छ । गगन मिथबाट बनेका नेता होइनन् । उनीसँग तीन दशक लामो निरन्तर राजनीतिक क्रियाशीलतासँगै सृजनशीलता पनि छ ।

संसदीय दलको नेतामा गगनको 'एटम्ट' ले कांग्रेसमा मात्रै होइन, अरू राजनीतिक दलमा पनि पुस्तान्तरणको ढोका खोल्छ । जित्दा त उनी प्रधानमन्त्री उम्मेदवार नै हुनेछन्, संसद्मा बहुमत जुटाउन सके प्रधानमन्त्री पनि होलान्ह अंकगणितले साथ नदिएर पराजित नै भएछन् भने पनि उनी नेता बन्नेछन् । तेह्रौं महाधिवेशनमा पहिलोपल्ट महामन्त्रीको उम्मेदवार हुँदा धेरैले उनलाई खिसिट्युरी गरेका थिए । कालान्तरमा चौधौं महाधिवेशनले उनी मात्रै होइन, विश्वप्रकाशसहितको नवोदित नेतृत्वलाई नै स्थापित गऱ्यो ।

यो बेला गगन-विश्वप्रकाशहरूको नेतृत्व लोकप्रियताको उचाइमा छ । यो नेतृत्वले आकर्षण र लोकप्रियताको चमकधमकमा रम्दै गर्दा आत्मसमीक्षा गर्नचाहिँ भुल्नु हुन्न । किनभने, गगन र विश्वप्रकाशले पार्टी नेतृत्वमा पुगेर के गर्न सके वा सकेनन्, समाजले त्यसको पनि लेखाजोखा राख्छ । महामन्त्रीद्वयको नेतृत्वमा निर्वाचन घोषणापत्र बन्यो । गगनले स्थानीय तह निर्वाचनको घोषणापत्र बनाउने जिम्मेवारी लिए र विश्वप्रकाशले आम निर्वाचनकै घोषणापत्र निर्माणको नेतृत्व गरे । यद्यपि घोषणापत्रमाथि जुन स्तरको विमर्श हुनुपर्थ्यो, भएन । र, ती कर्मकाण्डमा सीमित भए । राजनीतिलाई मुद्दाप्रधान बनाउन नसक्नु नवोदित नेतृत्वको कमजोरी रह्यो ।

महामन्त्रीद्वयले पार्टीको मूल नेतृत्वको कार्यशैलीमा प्रश्न उठाएका छन् तर निर्णय प्रक्रियामा चाहिँदो हस्तक्षेप गर्न सकेनन्, चुके । जस्तो कि, कांग्रेसको तल्लो तहसम्म निर्वाचन गठबन्धन गरेर होइन, एक्लै लड्नुपर्छ भन्ने मत बलियो थियो । त्यो बलियो मत महामन्त्रीद्वयले बलियो गरी बोक्न सकेनन् ।

अर्को कमजोरी, कांग्रेसको नीतिगत पुनर्जागरणमा महामन्त्रीद्वयले अपेक्षित भूमिका खेल्न सकेका छैनन् । चौधौं महाधिवेशनको तीन महिनामै नीति महाधिवेशन गर्ने भनियो तर महामन्त्री थापाले पेस गरेको दस्तावेज अझै बेवारिसे छ । सबैलाई ज्ञात छ, कांग्रेसको मूल समस्या नेता र नीतिमै छ ।

बाँकी पृष्ठ-३ मा...

# विश्वकप-२०२२

## विश्वकप २०२२ को समूह चरणः

# अनपेक्षित नतिजा लगायत अरू के-केको बन्यो रेकर्ड ?

काठमाडौं/पहिले भन्दा धेरै अनपेक्षित नतिजा निकाल्दै यस पटकको विश्वकपको समूह चरण खेल सकिएको छ । यसले विश्वकप अब कसरी अगाडि बढ्नेछ भन्ने एक तस्बिर प्रस्तुत गरेको छ ।

समूह चरणमा मैदानमा उत्कृष्ट प्रदर्शन देखिए, साथै अनपेक्षित नतिजा पनि । केही प्रमुख खेलाडीहरू तिनका फर्ममा फर्किएका छन् जसले आगामी नकआउट चरण पनि रोचक हुने देखाएको छ ।

त्यसो भए, यस प्रतियोगिताको पहिलो खण्डले दिने पाठहरू के के रहृयो त ? पहिलो त परिणामले कोही पनि सुरक्षित नरहेको देखायो । बेल्जियम र जर्मनीबाहेक प्रतियोगिताका अन्य दाबेदार समूह चरणबाट माथि गए पनि तिनको यात्रा सहज रहेन । पहिलो अनपेक्षित नतिजा विश्वकपको तेस्रो दिने देखियो, जब वरियतामा ५१औँ स्थानमा रहेको साउदी अरेबियाले अर्जेन्टिनालाई पराजित गरिदियो ।

एक दिनपछि जापानले जर्मनीलाई पराजित गरेर यस्तै नतिजा निकाल्यो । प्रारम्भमा पेनाल्टी गोलबाट पछि परेको जापानले पुनरागमन जित हासिल गरेको थियो । अन्तिम खेलमा पनि स्पेनविरुद्ध आफ्नो पुनरागमन दोहोऱ्याउँदै जापानले समूहको शीर्ष स्थानमा हासिल गऱ्यो । जर्मनी र स्पेनलाई हराएको जापान आफै भने कोस्टारिकासँग पराजित हुनु पनि यस प्रतियोगिताको अर्को अनपेक्षित नतिजा रहृयो ।

यस विश्वकपमा बेल्जियमको क्षय थप स्पष्ट भयो । तिनको ब्याकलाइनको कमजोरी मोरक्कोको जीवन्त प्रदर्शनमै देखिएको थियो । सो कमजोरी पुर्न नसक्दा फिफा वरियतामा दोस्रो स्थानमा रहेको रोबर्टो मार्टिनेजको टोली प्रतियोगिताबाटै बाहिरिन पुग्यो ।

फ्रान्स र ब्राजिल पनि आश्चर्यजनक नतिजाबाट अछुतो रहेनन् । ट्युनिसियासँग फ्रान्सको १-० को पराजय डिडियर डेसच्याम्प्सले आफ्नो सुरुवाती लाइनअपमा नौ वटासम्म परिवर्तन गरेपछि आएको हुन सक्छ । तर यसले अघिल्लो विश्वकपको च्याम्पियनको हतियारमा केही कमजोरी देखायो । ब्राजिलको हकमा पनि यही कुरा लागू हुन्छ, जसले क्यामरुनसँग १-० ले हार्दा नौ वटा परिवर्तनहरू थियो ।

निल्सन ग्रेसनोटको विश्लेषण अनुसार, ब्राजिलमाथि क्यामरुनको विजय १२ औँ अनपेक्षित परिणाम थियो (जसमा क्यामरुनको जितको सम्भावना १६.७% र ३३.३% बीच थियो) । सन् २०२२ को विश्वकपमा देखिएको अनपेक्षित नतिजाको संख्याले सन् २००२ र २०१० को विश्वकपमा कायम भएको नौ अनपेक्षित परिणामको कीर्तिमान तोडेको छ ।



साउदी अरेबियासँग अर्जेन्टिनाको हार को सम्भावना ८.७% मात्र रहेको थियो । ब्राजिलियन टोली दोस्रो चरणको लागि छनौट भइसकेको भए पनि उ क्यामरुनसँग पराजित भयो । त्यस खेलमा क्यामरुनले ब्राजिललाई हराउने सम्भावना ५.९% थियो । खेलमा ब्राजिलले १० परिवर्तन गरेको हो ।

अन्तमा, विश्वकपको इतिहासमा पहिलो पटक ६ महादेशका राष्ट्रहरू नकआउट चरणमा प्रवेश गरेका छन् ।

**ठूला नाम अझै प्रतियोगितामा कायम छन् ...**

विश्वकप अघि धेरैले सुपरस्टारको क्षमतालाई लिएर प्रश्न सोधेका थिए । के तिनले मरुभूमि प्रधान यस मुलुकमा हुन लागेको प्रतियोगितामा पनि क्षमता देखाउँछन् सक्छन् ? प्रश्नका बाबजुद धेरै सुपरस्टारले पुन प्रमाणित गरेका छन् ।

प्रतियोगिताको पहिलो खेलमा निराशाजनक प्रदर्शन गरे पनि लियोनेल मेस्सीले मेक्सिको विरुद्धको महत्त्वपूर्ण खेलका सुरुवाती गोल गरे । त्यसपछि पोल्याण्ड विरुद्धको खेलमा पेनाल्टी मिस गरे पनि उनले राम्रो खेल प्रदर्शन गरे ।

मेस्सीका लामो समय देखिका प्रतिद्वन्द्वी क्रिस्टियानो रोनाल्डोले भलै अहिले क्लब फुटबलमा समस्या भोगिरहेका छन् तर पोर्चुगलको लागि मैदानमा भने चम्किएका छन् । ३७ वर्षीय खेलाडीले घानाविरुद्ध पेनाल्टीमा गोल गरे । यो गोलसँगै उनी पाँच वट विश्वकपमा गोल गर्ने पहिलो खेलाडी बने ।

उरुग्वेविरुद्धको जितमा ओपनर गोलमाथि दाबी गर्दै खुसी व्यक्त गरेको भए पनि मिहिन अवलोकनमा ब्रुनो फर्नान्डिसको क्रसले रोनाल्डो निधारमा नछोएको देखियो ।

रोबर्ट लेवान्डोस्की पनि यस विश्वकपको सफल सुरपस्टार को समूह सामेल भइसकेका छन् । पोल्याण्डको लागि हालसम्मको स्थिति रोमाञ्चक भन्न मिल्ने खालको र हेन तथापि देशलाई सन् १९८६ पछि पहिलो पटक अन्तिम १६ मा छनोट गर्न मद्दत गर्ने क्रममा लेवान्डोस्कीले विश्वकपमा पहिलो गोल गरेका छन् ।

**तर अर्को पुस्ता उदाउँदैछ**

किलियन एमबाप्पेबारे धेरै लेखिइसक्यो । यस पटक पनि यी फ्रान्सेली फरवार्डले निराश पारेका छैनन् । उनको उत्प्रेरक प्रदर्शन र समूह चरणमा गरिएका तीन गोलले उनले आफ्नो टोलीको अन्तिम १६को स्थान सुनिश्चित गरे ।

स्पेनको गतिशील युवाहरूको ब्यान्डले पनि कहिले काहीँ रोमाञ्चित गऱ्यो । कोस्टारिकाविरुद्धको ७-० को जित निकाल्दा १७ वर्षीय गाभी ब्राजिलका लेजेन्ड पेलेपछि सबैभन्दा कान्छो विश्वकप गोलकर्ता बने ।

नेदरल्याण्ड्सका कोडी गाक्पो पहिले नै युरोपमा सबैभन्दा बढी माग भएका फरवार्डहरू मध्ये एक थिए । तर २३ वर्षीय यी खेलाडीले सन् २००२ पछि पहिलो पटक तीनै समूह खेलहरूमा गोल गर्ने युरोपेली देशका खेलाडी बनेर उनको मूल्य थप बढाएको छ ।

क्यानडाका अल्फोन्सो डेभिस, घानाका मोहम्मद कुदुस र इंगल्याण्डका जोडी फिल फोडेन र बुकायो साकाले सबैभन्दा ठूलो स्टेजमा आफ्नो प्रतिभालाई उजागर गरे । अर्का इंग्ल्यान्डका खेलाडी, जुड बेलिंम इरानविरुद्धको ६-२ को जितमा गरेको गोल र समग्र प्रदर्शनको बलमा नयाँ स्टारको रूपमा उदाएका छन् । उनको प्रदर्शनको बलमा इंग्ल्याण्ड समूह बीमा शीर्ष स्थानमा रहृयो ।

**ब्राजिल अझै सबैभन्दा बलियो दाबेदार देखिन्छ**

विश्वको शीर्ष स्थानमा रहेको ब्राजिलियन टोलीले युरोपेली प्रतिद्वन्द्वी सर्बिया र स्विट्जरल्याण्डलाई हरायो भने व्यापक परिवर्तन भएको टोली भने क्यामरुनसँग पराजित भयो ।

बीबीसी पण्डित क्रिस सट्टनले सर्बियामाथिको २-० को जितलाई ‘वास्तविक क्षमताको प्रदर्शन’को रूपमा वर्णन गरे, रिचार्लिसनको शानदार दोस्रो गोलले ब्राजिल अझै दावेदार हो संकेत गऱ्यो ।

चोटका कारण नेयमार गुमाए पनि भिनिसियस जुनियर र राफिन्हा चम्किरहेका छन् । त्यसमाथि ग्याब्रियल मार्टिनेली र एन्टोनी रिजर्भमा छन् । यसले पनि यो टोलीको इर्ष्यालाग्दो गहिराइ देखाउँछ ।

त्यसमाथि पेरिस सेन्ट-जर्मन फरवार्ड नेयमार स्पेन र अर्जेन्टिनविरुद्धका सम्भावित खेलमा फर्किन सक्ने भएकाले तिनको फाइनलको मार्गलाई थप सहज बनाउनेछ ।

सदाबहार थियागो सिल्भाको नेतृत्वको तिनको ब्याकलाइन र क्लब स्तरमा हरेक कुरा जित्ने फर्ममा रहेका कासेमिरो र जहाँबाट पनि गोल गर्न सक्ने खेलाडी रहेको ब्राजिल यस पटकको सम्भवतः सबैभन्दा बलियो दाबेदार हो ।

**समूह चरणबाट जे देखियो**

- लामो खेल अवधिः अहिलेसम्म, विश्वकप फुटबलमा ५२५ मिनेट थपिईसकेको छ । त्यो लगभग ६ सिङ्गो खेल बराबर हो । फ्यानहरूले पक्कै तिनको पैसा अनुरूपको मनोरञ्जन पाइरहेका छन् !
- अघिल्ला दुई विश्वकपको तुलनामा न्युन गोलहरू, विशेष गरी पहिलो हाफमाः यस विश्वकपको समूह चरणमा प्रति खेल २.५ गोल भयो जुन पछिल्ला तीन विश्वकपहरूमा सबैभन्दा कम हो । गोलमध्ये पनि ३६ प्रतिशत पहिलो हाफमा भए ।
- टोली थोरै तर राम्रो सट हानिरहेका छन् : यस विश्वकपमा प्रति म्याच २२.५ सट हानिए, तर तीमध्ये ११.२ प्रतिशत गोलमा परिणत भए, जुन हालसम्मकै राम्रो हो । तथापि रेकर्ड थोरै अर्थात् ८ प्रतिशत गोलहरू डी-बक्स बाहिरबाट भए ।
- टिमहरू बढी पास खेलिरहेका छन्- प्रति खेल औसत ९६० पासहरू कुनै पनि विगतका विश्वकपमा भन्दा बढी हो ।

*एजेन्सी*

# करिअरको एक हजारौं खेलमा मेस्सीको गोल

## अर्जेन्टिना क्वाटरफाइनलमा

काठमाडौं/करिअरको १ हजारौं गोलमा मेस्सीले जादुयी प्रदर्शन गर्दा दुईपल्टको विश्व च्याम्पियन अर्जेन्टिना कतारमा जारी फिफा विश्वकपको क्वाटर फाइनलमा प्रवेश गरेको छ ।

३५ वर्षीय मेस्सी करिअरको १६९ अन्तर्राष्ट्रिय खेल खेलिरहेका थिए । टिमलाई अर्को चरणमा पुर्याउनका लागि मेस्सीले आवश्यक समयमा शानदार प्रदर्शन गरे । उनीहरु आगामी शुक्रबार नेदरल्याण्ड्ससँगको क्वाटरफाइनल खेलका लागि तयारी गर्नेछन् ।

अष्ट्रेलियाको रक्षात्मक रणनीतिले अर्जेन्टिनालाई पहिलो हाफमै समस्यामा पारेको थियो । तर, पीएसजीका स्ट्राइकर मेस्सीले विश्वकपको नकआउट चरणमा पहिलोपल्ट गोल गर्ने क्रममा शानदार प्रहार गरे । कतारको अहमद विन अली रंगशालामा उपस्थित अर्जेन्टिनी समर्थकमा यो गोलको खुसी हेर्नलायक थियो ।

दक्षिण अमेरिकी टिमका विश्वभर रहेका समर्थकको खुसी दोब्बर बनाउँदै युवा स्ट्राइकर जुलियन अल्भारेजले गोल गरे । उनले अष्ट्रेलियन गोलरक्षक म्याट रायनको गल्तीको फाइदा उठाउँदै ५७औं मिनेटमा पेनाल्टी एरियाबाट सहज गोल गरेका थिए ।



अष्ट्रेलियाले निकै कम पोष्ट आक्रमण गरेको थियो । तर, खेलमा १३ मिनेटको समय बाँकी र हुँदा आश्चर्यजनक रुपमा गोल गर्यो । क्रेग गुडविनको प्रहार एन्जो हर्नाण्डेजको शरीरमा डिफ्लेक्ट हुँदा अर्जेन्टिनी गोलरक्षक डेमाइन मार्टिनेजले अनुमानै गर्न सकेनन् ।

त्यसको केह मिनेटमै अजिज बेहिचले बराबरीको अवसर गुमाएका थिए । उनको एकल प्रयासलाई लिसान्द्रो मार्टिनेजले असफल पारेका थिए । खेलको अन्त्यतिर अर्जेन्टिनाका लउटारो मार्टिनेजले गोलको दुई उत्कृष्ट अवसर खेर फालेका थिए ।

विश्वकपको यो खेलसँगै लियोनल मेस्सीले आफ्नो करिअरमा आधिकारिक १ हजार खेल पूरा गरे । मेस्सीको यो करिअरको ७८९औं गोलसमेत हो ।

लगातार पाँचौं संस्करण फिफा विश्वकप खेलेका मेस्सीले विश्वकपमा गोलसंख्या ९ पुर्याएका छन् । जारी विश्वकपमा उनको यो तेस्रो गोल हो । मेस्सीले विश्वकपको नकआउट चरणमा गोल गरेको यो पहिलोपल्ट समेत हो ।

# अमेरिकालाई हराउँदै नेदरल्यान्ड्स क्वाटरफाइनलमा

काठमाडौं/नेदरल्यान्ड्स विश्वकप फुटबलको क्वाटर फाइनलमा प्रवेश गरेको छ। शनिबार राति भएका प्रि-क्वाटर फाइनल खेलमा नेदरल्यान्ड्ले अमेरिकालाई ३-१ गोल अन्तरले हराउँदै क्वाटरफाइनलमा पुगेको हो । कलिफा अन्तर्राष्ट्रिय स्टेडियममा नेदरल्यान्ड्सका लागि मेफिस डिपाया, डाले बिलान्ड र डेन्जेल डुम्पेरिसले एक-एक गोल गरे ।

यता अमेरिकाका लागि हाजी राइटले एक गोल फर्काए । नेदरल्यान्ड्सका लागि खेलको १० औं मिनेटमा डिपायाले गोल गर्दै अग्रता दिलाए । पहिलो हाफको इन्ज्यूरी समयमा बिलिन्डले गोल गर्दै नेदरल्यान्ड्लाई पहिलो हाफमा २-० गोलको अग्रता दिलाएका थिए । खेलको ७६ औं मिनेटमा राइट्ले गोल गर्दै अमेरिकालाई २-१ गोलको अवस्थामा ल्याए । खेलको ८१ औं मिनेटमा डुमफ्रिसले गोल गर्दै नेदरल्यान्ड्लाई क्वाटर फाइनलमा पुगाए ।

# कांग्रेसमा नवोदित...

लामो समययता प्रतिक्रियाको राजनीतिमा रुमलिएको कांग्रेसमा नेतृत्वको पुस्तान्तरणसँगै राजनीतिक पुनर्जागरणको खाँचो छ । महामन्त्री द्वयले आफ्नो प्रबल भूमिका यहाँनेर देखाउन सक्थे, सक्छन् । पार्टीलाई सही ढंगले पुनर्जागरण गर्न तलैदेखि राजनीतिक, सैद्धान्तिक विमर्श गर्ने कि भीडले घेरिनुमै रमाइरहनेरु? ढिलोचाँडो नेताद्वयलाई यी प्रश्नले लखेट्नेछन् ।

नेपालका राजनीतिक नेतृत्वहरूको नकारात्मक पक्ष के हो भने, यी लोकरिझ्याइँमा रमाउँछन्, रचनात्मक आलोचना सुन्दैनन् र प्रचारमुखी चरित्रका हुन्छन् । अवसरवाद र चरम उपयोगितावादले तिनलाई राजनीतिक रूपमा भुत्ते बनाइदिन्छ । प्रचण्ड यसको ज्वलन्त उदाहरण हुन् । कुनै बखत मिथबाट नेता बनेका प्रचण्डप्रति नेपाली समाजमा कम्ती आकर्षण थिएन । रक्तरञ्जित इतिहासको राजनीतिबाट उदाएका प्रचण्डको नेतृत्वमा समाज तरंगित नै भयो । अनेक सामाजिक-राजनीतिक मुद्दा अगाडि आए । राजनीतिको कोर्स पनि फेरियो तर आज प्रचण्ड कहाँ छन् ? उनको छवि सत्ताको दाउपेच र अवसरवादको प्रतीकजस्तो बनेको छ । आशा गरिएका गगन, विश्वप्रकाश र प्रदीपहरूको पुस्ताको सजगता यहाँनेर आवश्यक छ ।

कांग्रेसको निर्णायक तहमा अहिले पनि पाकाहरूकै वर्चस्व छ । अहिले उदाएको पुस्ताले त्यो निर्णायक वर्चस्व आफूमा कसरी रूपान्तरित गर्छ ? अहिलेको मुख्य प्रश्न यही हो । कांग्रेसको निर्णय प्रक्रियामा नेतात्रयको निर्णायक भूमिका हुने गरेको इतिहास छ । बीपीको अवसानपछि कांग्रेसमा गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला नेतात्रयको स्थानमा विराजमान थिए ।

एउटा समयसम्म नेतात्रय निर्णायक तहमा हुन्थे । पार्टीको अन्तर्कलह र गुटबन्दीका कारण पछि सिंह र भट्टराईले कांग्रेस नै छोडे । गिरिजाप्रसाद कोइरालाको निधनपछि पनि शेरबहादुर देउवा, सुशील कोइराला र रामचन्द्र पौडेल नेतात्रयको स्थानमा थिए ।

(साभारः ई-कान्तिपुर)

# क्यान मकवानपुरको वार्षिक साधरणसभा





साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ कम्प्युटर एसोसिएसन नेपाल महासंघ मकवानपुर (क्यान)को १६ औं वार्षिक साधरणसभा हेटौंडामा शनिबार भएको छ ।

हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्यता तथा क्यान मकवानपुर अध्यक्ष पुष्पराज पुडासैनीको सभाध्यक्षतामा साधारणसभा भएको हो । कार्यक्रममा प्रमुख लामाले हेटौंडालाई सूचना प्रविधिमैत्री बनाउन क्यानसँग सहकार्य गरेर काम गर्ने बताएकी छन् । क्यान केन्द्रीय सचिव चिरञ्जीवी अधिकारी, पत्रकार महासंघ बागमती प्रदेश समितिका महासचिव कृष्ण सारुमगर, क्यान मकवानपुर का संस्थापक अध्यक्ष नेत्रबहादुर श्रेष्ठ, पूर्वअध्यक्ष श्यामकल श्रेष्ठ, दीपेन्द्र रेग्मीलगायतको आतिथ्यता थियो ।

क्यान मकवानपुरका ज्येष्ठ सदस्य योगेश्वरबहादुर श्रेष्ठलाई कार्यक्रममा सम्मान गरिएको थियो । क्यान मकवानपुरका कार्यबाहक सचिव गोविन्द चौलागाईले संस्थाका गतिविधिहरु समेटिएको प्रतिवेदन प्रस्तुत गरेका थिए । वि.सं. २०६३ सालमा स्थापना भएको क्यान मकवानपुरमा १ सय ५ जना संस्थागत र व्यक्तिगत साधारण सदस्य छन् ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
भरतपुर, चितवन

## मकै बाली प्रवर्द्धन कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना !

***सूचना नं.: ५-२०७९ /८०***
***प्रथम पटक प्रकाशित मितिः२०७९/०८/१८***

कृषि ज्ञान केन्द्र, चितवनको आ.व. २०७९/८०को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा तपशिलको कार्यक्रम संचालन गरिने हुँदा चितवन र मकवानपुर जिल्ला अन्तर्गतका स्थानीय तहबाट प्राप्त प्राथमिक बालीको सूची साथै क्षेत्र निर्धारण समितिको बैठकको निर्णय बमोजिम तपशिल बमोजिमका स्थानिय तह तथा वडाहरुका इच्छुक कृषक समूह र कृषि सहकारीहरुले यो सूचना प्रकाशित भएको ३०औं दिन (मिति २०७९/०९/१८)सम्ममा कार्यालय समयभित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ **अनुसूची-२ बमोजिमको प्रस्ताव** दर्ता गराउनुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । इमेल *akcchitwan@gmail.com*मार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ । मकवानपुर जिल्लाका प्रस्तावकहरुको हकमा कृषि विकास निर्देशनालय, हेटौंडामा रहेको कृषि ज्ञान केन्द्र चितवनको सम्पर्क कार्यालयमा (सम्पर्क व्यक्ति सुजन तिवारीः ९८४७१४७२२२)समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

**तपसिल**

| कार्यक्रमको नाम | एकाई | लक्ष्य | कार्यक्रमको कूल बजेट-(रु.लाखमा) | कार्यक्रम संचालन हुने स्थानीय तह तथा वडाहरु | |
|---|---|---|---|---|---|
| | | | | जिल्ला | स्थानीय तह |
| मकै बाली प्रबर्द्धन कार्यक्रम | हेक्टर | १५० | १५० | चितवन | भरतपुर महानगरपालिका (वडा नं ६, १७) |
| | | | | | कालिका नगरपालिका (वडा नं १ देखि ११ सम्म) |
| | | | | | खैरहनी नगरपालिका (वडा नं २, ३, ४, ५) |
| | | | | | राप्ती नगरपालिका(वडा १ देखि १३ सम्म) |
| | | | | | रत्नगर नगरपालिका (वडा नं ११, १२, १३, १४, १५, १६) |
| | | | | | ईच्छाकामना (सम्भावित सबै वडा) |
| | | | | मकवानपुर | हेटौंडा (वडा नं. १२, १३) |
| | | | | | मकवानपुरगढी (वडा नं १ दखि ८ सम्म) |
| | | | | | थाहा नगरपालिका (वडा नं ७, ८, ११, १२) |
| | | | | | बकैया गाउँपालिका (वडा नं ४, ५,६ ,८) |
| | | | | | इन्द्रसरोवर गाउँपालिका (वडा नं. २) |
| | | | | | भिमफेदी गाउँपालिका (वडा नं. २, ३, ४, ५, ६, ९) |
| | | | | | मनहरी गाउँपालिका (वडा नं. १, २) |
| | | | | | राक्सिराङ्ग गाउँपालिका (वडा नं. १ देखि ९ सम्म) |
| | | | | | बागमती गाउँपालिका (सम्भावित सबै वडा) |
| | | | | | कैलाश गाउँपालिका (सम्भावित सबै वडा) |

**आवश्यक कागजातहरू**

१. रु. १० को हुलाक टिकट टाँस गरेको निवेदन,
२. कृषक समुह/कृषि सहकारीको दर्ता प्रमाणपत्र, नविकरण, पछिल्लो समयको कर चुक्ता, प्यान दर्ता प्रमाण पत्र, संस्थाको योजना माग सम्बन्धमा गरिएको निर्णयको प्रतिलिपी
३. सम्बन्धित नगरपालिका/गाँउपालिकाको कृषि शाखाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारीस पत्र
४. प्रस्ताव अनुसारको लागत अनुमान,
५. सम्बन्धित संस्थाले जिम्मेवारी तोकेको प्रतिनिधि/सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा अख्तियारी पत्र
६. आवेदकको आफ्नै स्वामित्व वा फलफूलको हकमा कम्तिमा १५ वर्ष र तरकारी र खाद्यान्न बालीको हकमा कम्तिमा ५ वर्षको लागि जमिन भाडामा लिएको प्रमाण।

**नोटः** कार्यक्रम सम्बन्धि थप जानकारीको लागि यस केन्द्रको फोन नं ०५६४९३११५ वा ९८५५०९२२५५ मा सम्पर्क गर्न सकिनेछ । साथै अनुसूची २ बमोजिमको प्रस्ताव तथा कार्यक्रम सम्बन्धी अन्य जानकारीको लागि **कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०७९** कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेबसाइट https://molmac.bagamati.gov.npवा कृषि विकास निर्देशनालयको वेबसाइट http://doad.bagamati.gov.npबाट डाउनलोड गरी हेर्न सकिनेछ ।

“तपाईं हामी सबैको कुरा”
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

वेवसाइडमाः www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# जनकल्याणको कारोबार करिब साढे २३ करोड

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ हेटौडा-६ चौघडास्थित जनकल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शनिबार २६ औं वार्षिक साधारणसभा भएको छ ।

सहकारीले २३ करोड ४२ लाख ३० हजार ४५६ रुपैयाँको कारोबार गरेको आर्थिक प्रतिवेदनमा उल्लेख छ । सहकारीमा २ हजार ७ सय १० शेयर सदस्य छन् । संस्थामा २ करोड ४८ लाख ८६ हजार शेयर पूजीँ रहेको छ । सहकारीले आफ्ना सदस्यलाई १९ करोड ११ लाख ३० हजार ४ सय ७९ रुपैयाँ ऋण लगानी गरेको सहकारीका अध्यक्ष हिमाल पौडेलले जानकारी दिए । सहकारीको बचत निक्षेप १८ करोड ४४ लाख ३३ हजार १६ रुपैयाँ रहेको संस्थाका व्यवस्थापक झम्कप्रसाद गौतमले बताए । सहकारीको जगेडा कोष भने ८५ लाख ८६ हजार ८३९ रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यता तथा सहकारीका अध्यक्ष हिमाल पौडेलको सभाध्यक्षतामा साधारणसभा भएको हो । अध्यक्ष पौडेलले संस्थागत प्रतिवेदन, उपाध्यक्ष




श्यामप्रसाद भट्टराईले ऋण समितिको प्रतिवेदन, कोषाध्यक्ष चेतनाथ खतिवडाले लेखा परीक्षण प्रतिवेदन र लेखा संयोजक दिपनराज आचार्यले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका छन् ।

सहकारीले साधारण सभाको अवसरमा सम्मान तथा पुरस्कार प्रदान गरेको छ । ज्येष्ठ शेयर सदस्यतर्फ कृष्णप्रसाद नेपाल, सावित्रीदेवी ढुंगाना, मासिक बचतकर्तातर्फ रामचन्द्र सापकोटा, गोमा सापकोटा, असली ऋणीतर्फ शान्ताकुमारी डंगोल, रोमप्रसाद सापकोटालाई पुरस्कृत गरिएको थियो ।

उद्यमी व्यवसायीतर्फ सुशिलाकुमारी श्रेष्ठ र दुर्गाबहादुर श्रेष्ठ, सदस्यता बृद्धि गर्ने कृष्ण आचार्य, संस्थापक शेयर सदस्य नवराज अर्याल, सुन्दरा अर्याल, बाल बचतकर्तातर्फ हिमाल अधिकारी, अनुसुया दाहाललाई पुरस्कृत गरिएको हो । साधारणसभामा समूह बचततर्फ पशुपतिनाथ उपसमूह, सभामा १५ जना दम्पती जोडीलाई सम्मान र २०७८ सालको एसईईमा उत्कृष्ट अंक हासिल गर्ने शेयर सदस्यहरुका ११ जना छोराछोरीहरुलाई पुरस्कृत गरिएको थियो । सामाजिक क्षेत्रमा क्रियाशिल सञ्चारकर्मी एवम् सहकारीकर्मी भीमसेन पौडेलले सहकारीको २६ औं वार्षिक साधारण सभाको अवसर पारेर २ जना विद्यार्थीलाई छात्रवृति प्रदान गरेका छन् ।

पौडेलले पत्नी दुर्गादेवी पौडेलको स्मृतिमा स्थापना गरेको स्वर्गीय दुर्गादेवी पौडेल स्मृति छात्रवृति नवज्योति मावि, हेटौंडा-७ को कक्षा ७ मा अध्ययनरत् सिजन दोङ र कक्षा ६ मा अध्ययनरत् लक्ष्मी मैनालीलाई जनही ५ हजारका दर ले छात्रवृत्ति प्रदान गरेका हुन् । पौडेलले जनकल्याण बचत तथा ऋण सहकारी संस्थामा अक्षय कोष स्थापना गरी त्यसबाट प्राप्त हुने ब्याज वापतको रकमले छात्रवृति प्रदान गरेका हुन् । पौडेलले १ लाख २५ हजारको अक्षय कोषमा २५ हजार थप गरी १ लाख ५० हजार पुऱ्याएका छन् । कोषलाई प्रत्येक वर्ष थप गर्दै ५ लाख पुऱ्याउने योजना रहेको पौडेलले बताए ।

साधारणसभामा हेटौंडा-६ का वडा अध्यक्ष विष्णुबहादुर दाहाल, बागमती प्रदेश दुग्ध विकास बोर्डका सञ्चालक सदस्य बासुदेव अधिकारी, जिल्ला बचत तथा ऋण सहकारी संघका सचिव विरेन्द्रप्रसाद ढुंगाना, राष्ट्रिय सहकारी बैंक हेटौंडाका प्रमुख रामेश्वर अर्याल, हेटौंडा साकोसका अध्यक्ष ईन्द्रबहादुर बस्नेत, नेफ्स्कुन फिल्ड हेटौंडा उपसमितिका सदस्य राजेन्द्रप्रसाद पौडेल, कामधेनु बहुउद्देश्यीय सहकारीका अध्यक्ष उदय बिडारी, नौलो बिहानी कृषि सहकारीका अध्यक्ष भरत सापकोटा, रानी सामुदायिक वनका उपाध्यक्ष केशव धितालगायतको आतिथ्यता थियो ।

# नारायणी यातायातको ३५ औं साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ नारायणी यातायात व्यवसायी संघको ३५ औं वार्षिक साधारणसभा शनिबार हेटौंडामा सम्पन्न भएको छ । अग्रज यातायात व्यवसायी टेकनारायण कँडेलको प्रमुख आतिथ्यता तथा संघका अध्यक्ष हिरालाल श्रेष्ठको सभाध्यक्षतामा साधारणसभा भएको हो ।

सभामा संघलाई दु:ख दिइएको र सरकारले बेवास्ता गरेको गुनासो धेरै उठेको छ । संघका अध्यक्ष श्रेष्ठले संघको लेटर प्याड, छाप र रसिद प्रयोग गर्न बन्देज लगाउन उजुरी दिइएको, अख्तियारमा उजुरी दिइएको, सम्पति शुद्धिकरणमा उजुरी दिइएको, गृह मन्त्रालयमा उजुरी, यात्रुबाहक सवारीहरुको व्यवस्थापनको रकम दुरुपयोग गरेको भनी उजुरी, कम्पनी खोल्न नदिन उजुरी, संघको साधारणसभा रोक्न उजुरी र हेटौंडाको तौलपुल बन्द गर्ने जस्ता क्रियाकलापहरु गरेर संघलाई दु:ख दिएको गुनासो गरेका छन् ।

नेपाल सरकार र मातहतका कार्यालयहरुले भारतीय सवारीको खुल्ला प्रवेशमा रोक, सवारी साधनको आवश्यकताको पहिचान र आयातको विषय, भाडाका साधनका वित्तीय लगानीबारे, ट्रक पार्कबारे, चालक उत्पादन गर्ने प्राविधिक शिक्षाको आवश्यकता र अञ्चल नम्बरमा रहेका सवारी सोझै प्रदेश नम्बर हुनुपर्ने जस्ता विषयवस्तुमा ठोस निर्णय लिनुपर्ने श्रेष्ठले बताएका छन् । सभामा महासचिव सरोजकुमार खनाल, कोषाध्यक्ष राजेश खड्गीले प्रतिवेदन प्रस्तुत गरेका छन् ।

कार्यक्रममा वरिष्ठ यातायात व्यवसायी पुरुषोत्तम अर्याल, मउवा संघका निवर्तमान अध्यक्ष कृष्ण कटुवाल, संघका पूर्वअध्यक्ष बद्रीप्रसाद चौलागाई, पूर्वसदस्य देवनारायण लामिछानेलगायतको आतिथ्यता थियो ।

# जेसीआई हेटौंडामा सुवेदीले रोजे कार्यकारिणी उपाध्यक्ष

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ जेसीआई हेटौंडाको आसन्न निर्वाचनमा साजन सुवेदीको रोजाईमा कार्यकारिणी उपाध्यक्ष पद परेको छ । कार्यकारिणी उपाध्ययक्षमा युवा व्यवसायी सुवेदीले उम्मेदवारी दिने भएका हुन् ।

सन् २०१२ मा जेसीज सदस्य प्राप्त गरेका सुवेदीले सन् २०२३ को नयाँ कार्यसमितिका कार्यकारी उपाध्ययक्षमा उम्मेदवारी दिने भएका हुन् । सन् २०१४ मा नै जेसिजको क्षेत्र (घ) संयोजक भएका सुवेदीले सन् २०१५ मा वातावरण संयोजक भएर कार्य गरेका थिए ।

सुवेदीले सन् २०१६ मा हेटौंडा जेसिजको सचिव भएर सफलतापूर्वक कार्य सम्पादन गरेका थिए भने सन् २०१९ मा उपाध्यक्ष भएर काम गरेका थिए । सन् २०१२ मा हेटौंडामा भएको जेसिजको राष्ट्रिय महाधिवेशनमा रजिष्ट्रेसन तथा आवास व्यवस्थापन सदस्य भएका सुवेदीले कार्यकारिणी उपाध्यक्षमा आफू योग्य उम्मेदबार भएको बताए ।

युवा उद्यमीसमेत रहेका सुवेदीले हेटौंडा जेसिजको कार्यकारिणी उपाध्यक्ष भएर युवा उद्यमको क्षेत्रमा महत्वपूर्ण काम गर्ने बताए ।


बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
भरतपुर, चितवन

## चैते धान प्रवर्द्धन कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना !

*सूचना नं.: ६-२०७९ /८०*
*प्रथम पटक प्रकाशित मिति: २०७९/०८/१८*

कृषि ज्ञान केन्द्र, चितवनको आ.व. २०७९/८०को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा तपशिलको कार्यक्रम संचालन गरिने हुँदा चितवन र मकवानपुर जिल्ला अन्तर्गतका स्थानीय तहबाट प्राप्त प्राथमिक बालीको सूची साथै क्षेत्र निर्धारण समितिको बैठकको निर्णय बमोजिम तपशिल बमोजिमका स्थानीय तह तथा वडाहरुका इच्छुक कृषक समूह र कृषि सहकारीहरुले यो सूचना प्रकाशित भएको ३०औं दिन (मिति २०७९/०९/१८)सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ **अनुसूची-२ बमोजिमको प्रस्ताव** दर्ता गराउनुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । इमेल *akcchitwan@gmail.com* मार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ । मकवानपुर जिल्लाका प्रस्तावकहरुको हकमा कृषि विकास निर्देशनालय, हेटौडामा रहेको कृषि ज्ञान केन्द्र चितवनको सम्पर्क कार्यालयमा (सम्पर्क व्यक्ति सुजन तिवारी: ९८४७१४७२२२) समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

**तपशिल**

| कार्यक्रमको नाम | एकाई | लक्ष्य | कार्यक्रमको कूल बजेट-(रु.लाखमा) | कार्यक्रम संचालन हुने स्थानीय तह तथा वडाहरु | |
|---|---|---|---|---|---|
| | | | | जिल्ला | स्थानीय तह |
| चैते धान प्रवर्द्धन कार्यक्रम | हेक्टर | २५० | २५० | चितवन | भरतपुर महानगरपालिका (वडा नं ६, २२, २६, २७, २८) |
| | | | | | कालिका नगरपालिका (वडा नं १ देखि ११ सम्म) |
| | | | | | खैरहनी नगरपालिका (वडा नं ५, ७, ९, १०, १२, १३) |
| | | | | | राप्ती नगरपालिका (वडा १ देखि ८ सम्म) |
| | | | | | रत्नगर नगरपालिका (वडा नं ३ देखि ९ सम्म) |
| | | | | | माडी (सम्भावित सबै वडा) |
| | | | | मकवानपुर | बागमती (सम्भावित सबै वडा) |

**आवश्यक कागजातहरु**
१. रु.१० को हुलाक टिकट टाँस गरेको निवेदन,
२. कृषक समुह/कृषि सहकारीको दर्ता प्रमाणपत्र, नवीकरण, पछिल्लो समयको कर चुक्ता, प्यान दर्ता प्रमाण पत्र, संस्थाको योजना माग सम्बन्धमा गरिएको निर्णयको प्रतिलिपी
३. सम्बन्धित नगरपालिका/गाँउपालिकाको कृषि शाखाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारीस पत्र
४. प्रस्ताव अनुसारको लागत अनुमान,
५. सम्बन्धित संस्थाले जिम्मेवारी तोकेको प्रतिनिधि/सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा अख्तियारी पत्र
६. आवेदकको आफ्नै स्वामित्व वा फलफूलको हकमा कम्तिमा १५ वर्ष र तरकारी र खाद्यान्नबालीको हकमा कम्तिमा ५ वर्षको लागि जमिन भाडामा लिएको प्रमाण ।

**नोट:** कार्यक्रम सम्बन्धि थप जानकारीको लागि यस केन्द्रको फोन नं ०५६४९३११५ वा ९८५५०९२२५५ मा सम्पर्क गर्न सकिनेछ । साथै अनुसूची २ बमोजिमको प्रस्ताव तथा कार्यक्रम सम्बन्धी अन्य जानकारीको लागि **कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०७९** कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेबसाइट https://molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको वेबसाइट http://doad.bagamati.gov.npबाट डाउनलोड गरी हेर्न सकिनेछ ।



## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१



## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित


**सेवाहरू:**



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३








## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|
| Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| CMA/ANM | Few | Negotiable | TSLC |
| Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पतालमा** बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्सलाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।


**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६



## आफ्नै उद्योगबाट उत्पादित दुग्ध तथा दुग्धजन्य पदार्थ अर्डर बमोजिम उपलब्ध गराइन्छ ।

# गायत्री डेरी इन्डष्ट्रिज प्रा.लि.

हेटौंडा, मकवानपुर



०५७-५२०४८३, ०५७-५२१९१८, ९८४१५२७००६, ९८४५१०३६१४


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना